आकाश भैरब
AAKASH BHAIRAB
In House Journal

नेपाल वायुसेवा

Vol. 37, No. 1 (Sharawan-Bhadra 2075) July-August 2018

# निगमको ६० औं वार्षिकोत्सव (हीरक जयन्ती) सम्पन्न




नेपाल वायुसेवा निगमको ६० औं वार्षिकोत्सव हीरक जयन्तीको रूपमा असार १७ गते विभिन्न कार्यक्रम गरी मनाइयो । प्रमुख अतिथिको रूपमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीले संबोधन गर्नुहुँदै निगमलाई विमानको कमी हुन नदिने तर निगमले आफूलाई प्रतिस्पर्धी बनाउन प्रयास गर्नुपर्ने बताउनु भयो । उहाँले सफलताको शिखर चुम्ने वा असफलताको भारी बोक्ने जिम्मा कर्मचारीहरूको हातमा छ भन्नुभयो ।

मन्त्री अधिकारीले हाल भइरहेका र भविष्यमा थपिने विमानहरूको संचालन कसरी गरिन्छ त्यसबाट नै कर्मचारीहरूको क्षमताको मूल्यांकन गरिने बताउनु भयो । राज्यमन्त्री धनबहादुर बूढाले निगमले आफ्नो साधन र स्रोतको पूर्ण उपयोग गरी सेवा विस्तार गर्दै जानुपर्ने धारणा राख्नुभयो ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन निमित्त सचिव सुरेश आचार्यले निगमले योजना बनाउनमा मात्र सीमित नरही कार्यान्वयन पक्षलाई सफलतापूर्वक अगाडि बढाउन सल्लाह दिनुभयो ।

निगमका महाप्रबन्धक सुगतरत्न कंसाकारले नयाँ विमानहरूको प्रवेश सँगै अन्तर्राष्ट्रिय बजारमा निगमको बजारहिस्सा वृद्धि हुँदै जाने र गन्तव्यहरू विस्तार हुने बताउनु भयो । उहाँले निगमलाई वाइडबडी विमान चलाउन सक्दैन भन्ने हल्लालाई झुटो सावित गर्दै निगम अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यात्रुसेवा विभागका निर्देशक जनकराज कालाखेती र प्रवक्ता एवं संस्थागत विभागका निर्देशक रवीन्द्र श्रेष्ठले निगमका अगाडि चुनौती र अवसर समान रूपमा भएकोले चुनौतीलाई चिर्दै अवसरको सदुपयोग गर्दै जाने बताउनु भयो ।

बाँकी ३ पेजमा

# दुईवटा वाइडबडी एयरबस काठमाडौंमा अवतरण

निगमले खरीद गरेको पहिलो वाइडबडी ए ३३०-२४३ (अन्नपूर्ण) विमान असार १४ गते विहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गऱ्यो । विमान फ्रान्सको तुलुजबाट नौ घण्टाको उडानपछि काठमाडौ आइपुगेको हो । यसै गरी दोश्रो विमान साउन ११ गते काठमाडौ आइपुगेको छ ।

नेपाल सरकारको ग्यारेन्टीमा कर्मचारी सञ्चयकोष र नागरिक लगानीकोषबाट लिइएको करिब १२/१२ अर्व रूपैयाँको ऋणबाट दुईवटा विमान खरीद गरिएको हो । २०७४ बैशाख ७ गते नेपाल सरकारबाट ग्यारेन्टी स्वीकृत भएपछि खरीदको लागि ऋण लिने प्रक्रिया अगाडि बढाइएको थियो । विमान खरीद गर्न २०७४ जेठ २८ गते नागरिक लगानीकोष र कर्मचारी सञ्चयकोषसँग ऋण सम्झौता भएको थियो । २०१६ को आधारमूल्य अनुसार जहाज प्रतिथान मूल्य १० करोड ४८ लाख अमेरिकी डलर निर्धारण भएको छ ।



बाँकी ३ पेजमा

# सम्पादकीय

नेपाल वायुसेवा निगमले दुईवटामध्ये पहिलो वाइडबडी जहाज आफ्नो नियमित सेवामा लगाएर र अर्को तयारीमा राखेर नयाँ फड्को मारेको छ । लामोदूरीको उडान गर्ने क्षमता विकसित गर्नुका साथै आफ्नो प्रतिष्ठा वृद्धि गर्नमा निगम सफल भएको छ । एक महिनाको अन्तरालमा दुईवटा वाइडबडी विमान भित्र्याउन सक्नु निगमको ठूलो उपलब्धि हो । अब हामी राष्ट्रिय ध्वजावाहकलाई लामो दूरीका गन्तव्यलाई समेत उडान लक्ष्यमा राख्न सक्दछौं भने पर्यटन आगमनमा सेवा दिई नयाँ कीर्तिमान कायम गर्न सक्दछौं । व्यवस्थापनको कार्ययोजना र सरकारको ठोस सहयोगकै परिणामस्वरूप निगम नयाँ गन्तव्यमा पुग्न सकेको हो ।

नेपाल सरकारले राष्ट्रिय आर्थिक समृद्धिमा पर्यटनको भूमिका उल्लेखनीय हुने कुरालाई आत्मसात् गर्दै नेपाल वायुसेवा निगमलाई जहाज खरीदमा अगाडि बढ्ने कुरालाई उत्साहित गर्न र आवश्यक पूर्वाधार तयार गर्नमा समेत उल्लेखनीय सहयोग गरेको छ । सरकार जमानी नबस्ने हो भने यति छिटो छिटो जहाज थप्ने कुरा व्यवहारमा आउने थिएन । यस अर्थमा सरकारको सकारात्मक अवधारणाले कस्तो असर पर्दछ भन्ने कुरा स्पष्ट भएको छ । यसका लागि सम्पूर्ण व्यवसायीहरू सहित निगम परिवार आभारी छ ।

जहाज थपिनुका साथै निगम व्यवस्थापनलाई चुनौती र अवसर एक साथ आएको छ । भएका जहाजलाई भरिभराउ यात्रु सहित निर्धारित समयमा पूर्ण क्षमतामा संचालन गराउनु चुनौती हो भने पर्याप्त जहाज पाइसकेकोले भने जस्तो गरी उडान गन्तव्य र बजार प्रबर्द्धन गर्ने अवसर पनि हो । अन्य विमान कम्पनीहरूसँग प्रतिस्पर्धा गर्ने क्षमता बढ्नु पनि सानो अवसर होइन । भविष्यमा अष्ट्रेलिया, जापान, दक्षिण कोरियादेखि युरोप हुँदै अमेरिका पुग्ने अभिलाषालाई थपिदै गएका जहाजहरूले पूरा गर्न सक्ने अनुमान गर्न सकिन्छ । पर्यटनसँग आबद्ध सबै पक्ष निगमले पर्याप्त जहाज थप्ने अवसर पाउनु पर्दछ भने निगमले आफ्नो दक्षता, कुशलता र प्राविधिक क्षमता विकसित गर्दै राम्रो प्रतिफल लिन सक्ने हुनु पर्दछ भन्ने धारणा राख्दछन् । एयरबस A330-200 वाइडबडी अन्नपूर्णको पहिलो उडान कतारको राजधानी दोहामा भएको थियो र आउँदा जाँदाको उडानमा यात्रुहरूको संख्या हेर्दा आशा गर्न सक्ने पर्याप्त आधार तयार भएको छ । नयाँ विमान त्यो पनि वाइडबडी, सुरक्षालाई प्राथमिकता, व्यवस्थापनको कुशलता, बढ्दो बजार अंशका कारण निगमका वाइडबडी जहाजले पर्याप्त उपलब्धि दिने छन् भने निगमको प्रतिष्ठा पनि निकै उचाइमा पुग्ने छ ।

# दोहा र दुबईमा निगमको प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न

नेपाल वायुसेवा निगमले कतारको दोहा र युएईको दुबईमा प्रवर्द्धनात्मक कार्यक्रम जुलाई १० मा दोहा र जुलाई ११ मा दुवईमा सम्पन्न गरेको छ । बिशेष गरी भर्खरमात्रै भित्र्याइएको A330-200 जहाज १ अगस्टबाट काठमाडौं–दोहा सेक्टरमा दैनिक उडान र काठमाडौं–दुबई सेक्टरमा A320-200 जहाजबाट दैनिक उडान भर्ने सन्दर्भमा प्रवर्द्धनको



लागि मद्दत पुऱ्याउन उक्त कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा वाणिज्य विभागका निर्देशक कृष्ण गोपाल जोशी, उपनिर्देशक अर्चना खड्का, प्रवन्धक अनिल घिमिरे र वरिष्ठ अधिकृत नारायण पौडेलको सहभागिता थियो । उक्त कार्यक्रममा स्थानीय ट्राभल एजेन्सीहरू, नेपाली समुदाय र पत्रकारहरूको उल्लेखनीय सहभागिता रहेको थियो । उक्त कार्यक्रमले आगामी दिनहरूमा निगमको बजार बिस्तारमा राम्रो सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । दोहामा भएको कार्यक्रममा केन्द्रबाट गएका पदाधिकारीहरूका साथै प्रबन्धक दिक्पाल सुवेदी र दुबईमा भएको कार्यक्रममा केन्द्रबाट गएका पदाधिकारीहरूका साथै प्रबन्धक रमेश पौडेल र स्थानीय एजेन्टहरूको सहभागिता थियो ।


## सम्पादक मण्डल

| | |
|---|---|
| प्रधान सम्पादक | : रवीन्द्र श्रेष्ठ |
| कार्यकारी सम्पादक | : शैलेश कंसाकार |
| सम्पादक | : डोलराज पाण्डेय |
| सह-सम्पादक | : कल्पना काफ्ले |
| सल्लाहकार सम्पादक | : पुरू रिसाल |
| फोटो सल्लाहकार | : हरि गोपाल प्रधान |
| प्रकाशक | : वाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग, नेपाल वायुसेवा निगम www.nepalairlines.com.np |
| विभागीय प्रतिनिधिहरू | : जीवन कुमार भट्टराई, मानव संशाधन<br>राजकुमार खड्का, अर्थ<br>सुधन कुमार श्रेष्ठ, यात्रुसेवा<br>पवन ग्वाछा, कन्टिन्यूइङ् एयर वर्दिनेश मेनेजमेन्ट<br>रञ्जना बज्जारा, क्वालिटी एसुरेन्स एण्ड फ्लाइट सेफ्टी<br>योगेश हिराचन, अपरेशन्स्<br>चन्द्र बहादुर बलम्पाकी, वाणिज्य<br>ऋषि राम अर्याल, आन्तरिक लेखा परीक्षण<br>नहकुल प्र. श्रेष्ठ, सा. से. तथा सं. व्यवस्थापन<br>विदीत देवकोटा, ग्राउण्ड सपोर्ट<br>गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग |

## निगमको ६० औं...

निगमको आधिकारिक ट्रेड युनियनका अध्यक्ष सुवास डाँगीले निगम संचालन नाफामा भए पनि संचित घाटा धेरै भएकोले सरकारसँग त्यसबारे सोच्न आग्रह गर्नुभयो ।

कर्मचारी संघका अध्यक्ष तारणीराज दाहाल र कर्मचारी संगठनका अध्यक्ष मनोज साहले व्यवस्थापनले थालेका सकारात्मक काममा आफ्नो तर्फबाट निरन्तर सहयोग रहने बताउनु भयो ।

उक्त अवसरमा निगममा वीसवर्ष सेवा अवधि पूरा गरेका प्राविधिक एवम् कर्मचारीहरूलाई मन्त्री अधिकारीले स्वर्णपदक र इन्टर एयरलाइन्स व्याडमिन्टन प्रतियोगितामा विजयी खेलाडीहरूलाई पुरस्कार प्रदान गर्नु भएको थियो ।

समारोहको उत्तरार्द्धमा मनोरञ्जनात्मक साँस्कृतिक कार्यक्रम गरिएको थियो ।

## दुईवटा वाइडबडी एयरबस...

अन्नपूर्ण नाम दिइएको पहिलो वाइडवडी विमानमा २७४ सीट छन् जसमध्ये १८ सिट विजिनेस साङ्ग्रिला क्लास र २५६ सीट इकोनमी क्लासका छन् ।

टुलुजबाट नेपाल ल्याउँदा विदेशी पाइलटहरूले उडाएर ल्याएका थिए । भविष्यमा नेपाली पाइलटहरूले पनि वाइडबडी विमान उडाउने छन् । पहिलो चरणमा दुवई /दोहा उडान गरिने छ भने त्यसपछिका चरणमा जापान, दक्षिण कोरिया, साउदी अरेवियाको रियादमा उडान गरिने छ ।



विमान अवतरणको अवसरमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समारोहको आयोजना गरिएको थियो । निगमका महाप्रबन्धक सुगतरत्न कंसाकारको सभापतित्वमा भएको समारोहमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीले एयरबस ३३०-२०० वाइडबडी विमान नेपाल अवतरण गरेकोमा निगम र सम्बन्धित निकाय मात्र होइन पूरै देशले खुसी मनाएको छ भन्नुभयो । निगमले गन्तव्य बढाएर लामो दूरीसम्म सेवा दिने जुन लक्ष्य लिएको छ त्यसलाई पूरा गर्न कर्मचारीले उल्लेख्य भूमिका खेल्नुपर्दछ भन्नुभयो ।

उहाँले निगमका अगाडि चुनौती छन् त्यसको सामना गर्न सक्नुमा नै निगमको सफलता अन्तरनिहित भएकाले वाइडबडी विमानको प्रवेशलाई एक अर्थमा कठोर परीक्षा ठानी आफूलाई सफल बनाउन लाग्नुपर्ने उल्लेख गर्नुभयो । सन् २०२० लाई सरकारले पर्यटन वर्षको रूपमा मनाउन लागेको सन्दर्भमा १५ लाख पर्यटक भित्र्याउन थप विमानहरूले उल्लेख्य भूमिका खेल्ने बताउनु भयो ।

निगमका महाप्रबन्धक सुगतरत्न कंसाकारले निगमको व्यावसायिक कुशलताले गर्दा अन्य २६ वटा अन्तर्राष्ट्रिय विमान कम्पनीहरूसँग प्रतिस्पर्धा गर्दै आफ्नो गन्तव्य र बजार अंश बढाउँदै लैजान सफल भएको छ भन्नुभयो। उहाँले पूर्ण सुरक्षित उडान गर्न निगमसँग प्राविधिक जनशक्ति सक्षम छ र भविष्यमा अरू जनशक्ति थप गरिदै लगिने छ भन्नुभयो। उहाँले विगतबाट सिकेर नयाँ प्रक्रिया र प्रविधिको माध्यमले सेवा सुदृढ बनाउन निगम सक्रिय छ भन्दै अन्तर्राष्ट्रिय उडानका साथै आन्तरिक सबै विमानस्थलमा उडान गर्न सक्ने गरी साना विमानहरूको पनि व्यवस्था गरिन लागेको जानकारी दिनुभयो ।

समारोहका संयोजक तथा नायव महाप्रबन्धक गणेश बहादुर चन्दले हालको १० प्रतिशतको बजार हिस्सालाई २५ प्रतिशत पुर्‍याउने उद्देश्यका साथ काम भइरहेको र अन्तर्राष्ट्रिय उडानमा विमान थप गरिदै लगेकोले लक्ष्य पूरा गर्न सकिने बताउनुभयो ।

समारोहमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री धनबहादुर बूढा, निमित्त सचिव सुरेश आचार्य र अन्य व्यक्तिहरूको उपस्थिति थियो ।

नेपाल वायुसेवा निगमले खरीद गरेको दोश्रो वाइडवडी विमान एयरबस ए३३०-२४३ (मकालु) पनि साउन ११ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको छ । मकालु नाम दिइएको उक्त विमान फ्रान्सको तुलुजबाट ९ घण्टाको उडानपछि काठमाडौं आइपुगेको थियो ।

कलसाइन ९एन एएलजेड 9N-ALZ दिइएको उक्त वाइडवडी विमानमा २७४ सीट छ भने त्यसमध्ये १८ सीट विजिनेस र २५६ सीट इकोनोमी क्लासका छन् । उक्त विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव एवं निगम संचालक समितिका अध्यक्ष कृष्णप्रसाद देवकोटाले स्वागत गर्नुभएको थियो ।

दोश्रो विमान मकालुलाई पनि नागरिक उड्डयन प्राधिकरणबाट उड्डयनयोग्य प्रमाणपत्र (AOC) लिएपछि व्यावसायिक उडानमा ल्याइनेछ ।

एयरबसका सिनियर पाइलट ARTUR DE BRITO CABRAL र FO JOAO CESAR VIEIRA DA SILVA को नेतृत्वमा ल्याइएको उक्त विमानमा निगमका महाप्रवन्धक सुगत रत्न कंसाकार सहितको टोली थियो । उक्त टोली विमान लिन तुलुज गएको थियो ।

Thought for To-Day

*If happy little bluebirds fly beyond the rainbow, why oh why can't I?*
*-E.Y. Harburg*

# वार्षिकोत्सव समारोहको झलक












# वार्षिकोत्सव समारोहको झलक



















# विभागीय समाचार
## (मानव संशाधन विभाग)

### जेष्ठ

#### नियुक्ति

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | करिश्मा के.सी | ५ | ट्रेनी एयरहोस्टेज |
| २ | सोफी श्रेष्ठ | ५ | ट्रेनी एयरहोस्टेज |
| ३ | कृति थापा | ५ | ट्रेनी एयरहोस्टेज |
| ४ | अनिशा प्रजापति | ५ | ट्रेनी एयरहोस्टेज |
| ५ | निकिता गुरूङ्ग | ५ | ट्रेनी एयरहोस्टेज |
| ६ | दीपा शाक्य | ५ | ट्रेनी एयरहोस्टेज |
| ७ | स्नेहा श्रेष्ठ | ५ | ट्रेनी एयरहोस्टेज |
| ८ | मेरी खड्का | ५ | ट्रेनी एयरहोस्टेज |
| ९ | स्वस्तिका चौलागाई | ५ | ट्रेनी एयरहोस्टेज |
| १० | सुजाता शाक्य | ५ | ट्रेनी एयरहोस्टेज |
| ११ | गौरब राज ओझा | ५ | ट्रेनी स्टेवार्ड |
| १२ | अर्जुन पुरी | ५ | ट्रेनी स्टेवार्ड |
| १३ | बिबेक कृष्ण बरूण | ५ | ट्रेनी स्टेवार्ड |
| १४ | मिभेश जङ शाह | ५ | ट्रेनी स्टेवार्ड |
| १५ | रन्जित राज थापा | ५ | ट्रेनी स्टेवार्ड |
| १६ | भावना गिरी पन्त | ९ | बरिष्ठ क्याप्टेन |
| १७ | ईश्वर दाहाल | ३ | कनिष्ठ सहायक |
| १८ | सुदिप रिजाल | ८ ए | क्याप्टेन |
| १९ | टिका शर्मा | ६ | लेखा अधिकृत |
| २० | हेमन्त अर्याल | ५ | बरिष्ठ लेखा सहायक |

#### राजीनामा

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | आकृति खनाल | ६ | लेखा अधिकृत |
| २ | रूपेश श्रेष्ठ | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ३ | मणि प्रसाद डुम्रे | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ४ | रूपक पुडासैनी | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ५ | विजय शर्मा | ८ | बरिष्ठ ए.म.ई |
| ६ | मन राजा रंजित | ९ | का.मु. निर्देशक |

#### अवकाश

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | दुर्गा बहादुर राना | ४ | बरिष्ठ हेड लोडर |

#### सरूवा/ पद स्थापना

| क्र.सं | कर्मचारीको नाम | तह | पद | विभाग वाट /यहां |
|---|---|---|---|---|
| १ | सुरेश बैद्य | ६ | अधिकृत | मुम्बई/सा.से.तथा सं.ब्य. |
| २ | गोपाल सिंह | ६ | अधिकृत | दिल्ली स्टेशन |
| ३ | राजन घिमिरे | ६ | लेखा अधिकृत | दोहा स्टेशन |
| ४ | माधव लोहनी | ६ | बरिष्ठ अधिकृत | दिल्ली स्टेशन |
| ५ | अमित कुमार खान थारू | ७ | बरिष्ठ प्राविधिक अधिकृत | इञ्जिनियरिङ मेन्टिनेन्स /कन्टिन्यूइङ्ग एयरओर्दिनेश |

### असार

#### नियुक्ति

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | अच्युत पौडेल | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| २ | नव राज बाँनिया | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ३ | जोन मेक्डरमोट | ९ | बरिष्ठ क्याप्टेन |
| ४ | पिएरे ओल्ड्रा | ९ | बरिष्ठ क्याप्टेन |

#### राजीनामा

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | स्वेच्छा पौडेल | ५ | एयरहोस्टेज |
| २ | सुनु श्रेष्ठ | ५ | एयरहोस्टेज |

#### अवकाश

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | बिमला शाह | ७ | क्यविन क्रु.सुपरभाइजर |
| २ | ज्ञान मन्जरी रघुबंशी | ६ | अधिकृत |

## आन्तरिक लेखा परीक्षण

आन्तरिक लेखा परीक्षण विभागले स्वीकृत कार्यतालिका अनुसार गर्नुपर्ने आ.व.२०७४/२०७५ को तेश्रो चौमासिक सहित यस आ.व.को सम्पूर्ण लेखा परीक्षण सम्पन्न गरेको छ । यस सम्बन्धमा प्रतिवेदन पेश गर्नुका साथै सम्बन्धित विभागहरूमा पनि पठाइसकेको छ ।

## Ground Support Department

### LOST AND FOUND RECORD SUMMARY

| S.N | Year | Months | Found Materials/Goods (in pcs) | | | | | | | | Staff | Handed over to concerned Airlines | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mobiles | Different types of movie and still camera | Money and wallets | i-phone, i-pod, i-pad, tablets, etc. | Passport | Note | Other electronic appliances / items, games, pendrives, etc. | Total pcs | | Crew | Paxs | |
| 1 | 2018 | May | 5 | 0 | 4 | 8 | 0 | 0 | 10 | 27 | 27 | 0 | 0 | |
| 2 | 2018 | June | 1 | 1 | 7 | 4 | 0 | 0 | 6 | 19 | 19 | 0 | 0 | |
| Total | | | 6 | 1 | 11 | 12 | 0 | 0 | 16 | 46 | 46 | 0 | 0 | |

नोटः उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छोडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धीत ठाँउमा बुझाएका सामानहरूको हो ।

# वाइडबडी विमानबाट व्यावसायिक उडान शुरु

नेपाल वायुसेवा निगमले हालै खरीद गरेको एयरबस ३३०-२०० वाइडवडी विमानले साउन १७ देखि व्यावसायिक उडान प्रारम्भ गरेको छ । निगमले खरीद गरेका दुईवटा वाइड्वडी विमानमध्ये यो पहिलो हो । नागरिक उड्डयन प्राधिकरणबाट उडानयोग्य प्रमाणपत्र (एओसी) प्राप्त गरी दोश्रो विमानले पनि व्यावसायिक उडान गरेको छ ।



साउन १७ गते साँझ ९:३० बजे दोहाका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेको अन्नपूर्ण नाम दिइएको उक्त विमान करिव ५ घण्टाको उडान पछि दोहा पुगेको थियो । २७४ सीट क्षमताको उक्त विमानबाट २४६ यात्रुले यात्रा गरेका थिए । उक्त विमान साउन १८ गते दोहाबाट काठमाडौं फर्केको छ । उक्त उडानमा २५९ यात्रुहरू सवार थिए । विमानलाई क्या. फ्रास्वाँ फेनार्ट र क्या. श्रवण रिजालले उडाउनु भएको थियो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पहिलो उडानमा दोहा जान लागेका यात्रुहरूलाई निगमका महाप्रवन्धक सुगतरत्न कंसाकार र नायव महाप्रवन्धक गणेशबहादुर चन्दले खादा र उपहार सहित विदाई गर्नु भएको थियो ।



हीरकजयन्ती समारोहका कलाकार र सहयोगीहरूलाई नायव महाप्रवन्धक गणेशबहादुर चन्दले प्रशंसापत्र प्रदान गर्नु भएपछिको सामुहिक फोटो ।

## OPERATIONS DEPARTMENT

# Flight Performance Report

for the month of Baishak & Jestha 2074-75

| PARTICULARS | FLEET/MONTH | B757 9N-ACB | | A320 9N-AKW | | A320 9N-AKX | | OVERALL | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | BAISHAK | JESTHA | BAISHAK | JESTHA | BAISHAK | JESTHA | BAISHAK | JESTHA |
| FROM KTM STATION | | | | | | | | | |
| PROPOSED | | 38 | 32 | 47 | 47 | 59 | 63 | 144 | 142 |
| OPERATION | SAME DAY | 36 | 34 | 46 | 38 | 58 | 69 | 140 | 141 |
| | NEXT DAY | 1 | 0 | | | | | 1 | 0 |
| AIRCRAFT CHANGED | TO OTHER | 1 | 0 | 8 | 14 | 9 | 6 | 18 | 20 |
| | FROM | 1 | 2 | 9 | 5 | 8 | 13 | 18 | 20 |
| ON TIME | | 23 | 28 | 26 | 28 | 29 | 43 | 78 | 99 |
| DELAYED | | 14 | 6 | 20 | 10 | 29 | 26 | 63 | 42 |
| DIVERTED/ CANCELLED | | 1 | | 2 | 0 | 0 | 1 | 3 | 1 |
| REASON FOR DELAY AT KTM | | | | | | | | | |
| MARKETING/CUSTOMER SERVICE | | 0 | 0 | 4 | 1 | 7 | 1 | 11 | 2 |
| ENGINEERING | | 0 | 1 | 2 | 1 | 1 | 2 | 3 | 4 |
| OPERATIONS | | 0 | 0 | 0 | 0 | 0 | 2 | 0 | 2 |
| FINANCE | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| TRANSPORT | | 1 | 0 | | | 0 | 0 | 1 | 0 |
| WEATHER/NOTAM | | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 |
| IMMIGRATION | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| SUBSEQUENT | | 4 | 1 | 2 | 1 | 8 | 9 | 14 | 11 |
| Ground Support | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| KTM ATC | | 8 | 4 | 11 | 7 | 11 | 12 | 30 | 23 |
| NOC | | 0 | 0 | 1 | 0 | 1 | 0 | 2 | 0 |
| OTHER | | 0 | 0 | 0 | 0 | 1 | 0 | 1 | 0 |
| FLIGHT PERFORMANCE (%) | | | | | | | | | |
| RELIABILITY | | 97.37 | 100.00 | 95.74 | 100.00 | 100.00 | 98.41 | 97.70 | 99.47 |
| PUNCTUALITY | | 62.16 | 82.35 | 56.52 | 73.68 | 69.57 | 69.57 | 56.23 | 72.79 |

COMMERCIAL DEPARTMENT

## TRAFFIC AND REVENUE PERFORMANCE OF DOMESTIC & INTERNATIONAL STATIONS

as of Jestha & Ashar 2075

| Region | Jestha 2075 | | | | Asar 2075 | | | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Central Region | 664 | 3,154,996 | 4,935 | 3,159,931 | 430 | 2,207,741 | 5,346 | 2,213,087 | 1,094 | 5,373,018 |
| Eastern Region | 229 | 1,121,370 | 1,014 | 1,122,384 | 201 | 1,100,008 | 2,324 | 1,102,332 | 430 | 2,224,716 |
| Western Region | 340 | 1,466,671 | 29,306 | 1,495,977 | 200 | 1,043,873 | 13,616 | 1,057,489 | 540 | 2,553,466 |
| MA 60 | 4,381 | 15,375,635 | 186,336 | 15,561,971 | 2,766 | 6,370,524 | 79,755 | 6,450,279 | 7,147 | 22,012,250 |
| Y 12 E | 1,154 | 2,633,291 | 8,572 | 2,641,863 | 1,293 | 2,999,327 | 8,460 | 3,007,787 | 2,447 | 5,649,650 |
| Domestic Total | 6,768 | 23,751,963 | 230,163 | 23,982,126 | 4,890 | 13,721,473 | 109,501 | 13,830,974 | 11,658 | 37,813,100 |
| KTM-DXB | 1,818 | 39,517,144 | 83,802 | 39,600,946 | 1,833 | 39,894,764 | 695,278 | 40,590,042 | 3,651 | 80,190,988 |
| DXB-KTM | 1,681 | 33,784,468 | 257,496 | 34,041,964 | 2,708 | 55,382,624 | 508,800 | 55,891,424 | 4,389 | 89,933,388 |
| KTM-DEL | 6,497 | 79,641,191 | 510,055 | 80,151,246 | 6,315 | 76,922,445 | 552,470 | 77,474,915 | 12,812 | 157,626,161 |
| DEL-KTM | 6,058 | 78,845,950 | 2,032,536 | 80,878,486 | 5,973 | 76,894,827 | 1,897,072 | 78,791,899 | 12,031 | 159,670,385 |
| KTM-BOM | 1,948 | 45,227,404 | 141,600 | 45,369,004 | 1,567 | 37,276,491 | 270,642 | 37,547,133 | 3,515 | 82,916,137 |
| BOM-KTM | 1,582 | 41,869,846 | 538,980 | 42,408,826 | 1,581 | 41,616,553 | 688,364 | 42,304,917 | 3,163 | 84,713,743 |
| KTM-BLR | 2,040 | 49,460,420 | 166,800 | 49,627,220 | 1,767 | 42,391,991 | 111,090 | 42,503,081 | 3,807 | 92,130,301 |
| BLR-KTM | 1,819 | 48,122,047 | 294,852 | 48,416,899 | 1,707 | 45,131,471 | 633,306 | 45,764,777 | 3,526 | 94,181,676 |
| KTM-KUL | 2,599 | 48,435,842 | 516,600 | 48,952,442 | 550 | 10,187,900 | 673,533 | 10,861,433 | 3,149 | 59,813,875 |
| KUL-KTM | 1,609 | 27,050,172 | 674,553 | 27,724,725 | 1,688 | 27,427,729 | 539,874 | 27,967,603 | 3,297 | 55,692,328 |
| KTM-DOH | 1,879 | 42,104,582 | 3,920 | 42,108,502 | 1,968 | 44,713,344 | 10,660 | 44,724,004 | 3,847 | 86,832,506 |
| DOH-KTM | 1,827 | 39,432,246 | 396,900 | 39,829,146 | 1,676 | 36,284,288 | 429,300 | 36,713,588 | 3,503 | 76,542,734 |
| KTM-BKK | 962 | 14,255,426 | 116,331 | 14,371,757 | 1,121 | 16,593,433 | 114,939 | 16,708,372 | 2,083 | 31,080,129 |
| BKK-KTM | 801 | 23,046,573 | 2,941,956 | 25,988,529 | 878 | 25,039,894 | 3,203,856 | 28,243,750 | 1,679 | 54,232,279 |
| KTM-HKG | 1,360 | 39,548,820 | 1,456,404 | 41,005,224 | 1,066 | 31,014,042 | 1,126,532 | 32,140,574 | 2,426 | 73,145,798 |
| HKG-KTM | 1,054 | 49,286,838 | 2,166,780 | 51,453,618 | 1,196 | 55,875,612 | 1,381,800 | 57,257,412 | 2,250 | 108,711,030 |
| Intl. Total | 35,534 | 699,628,969 | 12,299,565 | 711,928,534 | 33,594 | 662,647,408 | 12,837,516 | 675,484,924 | 69,128 | 1,387,413,458 |
| Grand Total | 42,302 | 723,380,932 | 12,529,728 | 735,910,660 | 38,484 | 676,368,881 | 12,947,017 | 689,315,898 | 80,786 | 1,425,226,558 |

## Continuing Airworthiness Management Department

**OPERATION STATISTICS OF AIRCRAFT**

**May/June 2018**

| Particulars | Fleet | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | DHC-6/300 | | Y 12 E | | | | MA 60 | | B757-200 | | A320 | |
| Aircraft Registration No. | 9N-ABU | 9N-ABT | 9N-AKS | 9N-AKT | 9N-AKQ | 9N-AKV | 9N-AKQ | 9N-AKR | 9N-ACA | 9N-ACB | 9N-AKW | 9N-AKX |
| No of Flight | 122 | 267 | AOG | 69 | 177 | 63 | AOG | 250 | - | 131 | 179 | 250 |
| Total Flight Hours (HRs:MM) | 74:56 | 162:22 | AOG | 41:54 | 113:06 | 36:24 | AOG | 239:47 | - | 384:49 | 452:25 | 750:23 |